नि.प्र.का. सप्तरी द.नं. २९/०४८/०४९ स.नि.हु.का.द.नं. ४/०६४/०६८

# राजविराज दैनिक

वर्ष ३६ अंक ९० २०८३ साल कात्तिक १९ गते बिहीबार (5 Nov 2026 Thursday) मूल्य रु. ५/-

**बाल अधिकारको संरक्षण**

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : चाडपर्वले बनायो चलायमान ... ३ पृष्ठमा : मानव संशाधनको नियुक्ति ... ३ पृष्ठमा : ट्रम्पको खबरोक्ति ...

# नेपाल प्रहरीको महानिरीक्षक पदमा डा. मनोज केसी नियुक्त

काठमाडौँ, १८ कात्तिक (रासस) ।

गृहमन्त्री सुधन गुरुङले नवनियुक्त प्रहरी महानिरीक्षक डा मनोजकुमार केसीलाई दर्ज्यानी चिह्न प्रदान गर्नुभएको छ ।

गृहमन्त्रालयमा बुधबार आयोजित कार्यक्रममा मन्त्री प्रहरी महानिरीक्षक केसीलाई नियुक्ति पत्र हस्तान्तरण गर्नुभयो । यसअघि गृहसचिवले प्रहरी महानिरीक्षकलाई दर्ज्यानी चिह्न प्रदान गरिँदै आइएको थियो ।

नवनियुक्त प्रहरी महानिरीक्षक केसीले कम्बोडियाबाट द्वन्द्व रुपान्तरण विषयमा विद्यावारिधि गर्नुभएको छ । विसं २०३२ साउन २८ गते नुवाकोटमा जन्मनुभएका डा केसी २०५४ चैत २८ गते प्रहरी निरीक्षकका रूपमा प्रहरी सेवामा प्रवेश गर्नुभएको थियो ।

यसअघि बुधबारै बसेको मन्त्रिपरिषद् बैठकले नेपाल प्रहरीका प्रहरी अतिरिक्त महानिरीक्षक डा केसीलाई प्रहरी नियमावली, २०७१ को नियम ४१ बमोजिम यही कात्तिक १८ गते देखि लागू हुने गरी महानिरीक्षक पदमा बढुवा गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवम् शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिनुभयो ।

मन्त्री पोखरेलका अनुसार बैठकले वर्तमान परिस्थितिमा मुलुकको शान्ति सुरक्षाको व्यवस्था सुदृढ गर्नका लागि प्रधानमन्त्रीलाई सुरक्षासम्बन्धी आवश्यक सल्लाह, सुझाव र परामर्श दिन नेपाल प्रहरीको प्रहरी महानिरीक्षकस्तरको प्रधानमन्त्रीको विशेष सुरक्षा सल्लाहकार पद प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिर्जना गर्ने निर्णय गरेको छ । साथै उक्त पदमा नेपाल प्रहरीका प्रहरी महानिरीक्षक दानबहादुर कार्कीलाई खटाउने निर्णय गरेको छ ।

# अवैध रूपमा भित्र्याइएका सवारीसाधन नियन्त्रणमा

पर्सा, १८ कात्तिक (रासस) ।

प्रहरीले अवैध रूपमा भित्र्याइएका चारपाङ्ग्रे निजी सवारीसाधन नियन्त्रणमा लिएको छ । लामो समयदेखि अवैध रूपमा भन्सार छलेर नेपाल भित्र्याइएका सवारीसाधन पर्साको ग्रामीण तथा बजार क्षेत्रमा सञ्चालन गरिरहेको भन्ने सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालयले नियन्त्रणमा लिएको हो ।

वीरगञ्ज महानगरपालिका-१६ इनर्वागाउँस्थित सडकखण्डबाट भारतीय बोलेरो गाडी र मारूती सुजुकी कार बेवारिसे अवस्थामा फेला पारी भन्सार कार्यालयमा दाखिला गरेको छ ।

उक्त चारपाङ्ग्रे सवारीसाधन रु २२ लाख मूल्याङ्कन गरी थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालयमा दाखिला गरिएको प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिनुभयो ।

# तिलाठीमा रास्वपाको शुभकामना आदानप्रदान तथा पार्टी प्रवेश कार्यक्रम

**दैनिक समाचारदाता**
**राजविराज, १८ कात्तिक ।**

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका वडा नं. ७ सडेपारमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले बुधबार शुभकामना आदानप्रदान तथा पार्टी प्रवेश कार्यक्रम सम्पन्न गरेको छ ।

आयोजित कार्यक्रममा वक्ताहरुले केन्द्र जस्तै स्थानिय तह र प्रदेशमा पनि राष्ट्रिय स्वतन्त्र पार्टीको सरकार बनाउनुपर्नेमा जोड दिएका छन् ।

कार्यक्रमका प्रमुख अतिथि तथा क्षेत्र नं. २ का क्षेत्रीय सभापति रामकिसुन यादवले स्थानीय तहमा विकास र समृद्धिका लागि राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्वमा सरकार बन्नुपर्नेमा जोड दिए ।

जनताले परिवर्तनलाई आत्मसात् गर्दै रास्वपाको नेतृत्वमा संघीय सरकार गठन गरेको उल्लेख गर्दै उनले अब प्रदेश र स्थानीय सरकारमा समेत रास्वपाको नेतृत्व आवश्यक रहेको धारणा व्यक्त गरे ।

२००७ सालपछि

*बाँकी अन्तिम पृष्ठमा*

# 'विपद् स्वयंसेवक परिचालन आधारभूत तालिम' सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, १८ कात्तिक ।**

सामुदायिक विपद् व्यवस्थापन समितिका सदस्यहरुका लागि सञ्चालित 'विपद् स्वयंसेवक परिचालन आधारभूत तालिम' बुधबार सम्पन्न भएको छ ।

जिल्लाको हनुमाननगरमा कात्तिक १२ गतेदेखि सञ्चालन भएको सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाका सामुदायिक विपद् व्यवस्थापन समितिका सदस्यहरुका लागि सात दिने तालिम बुधबार सम्पन्न भएको हो ।

समापन समारोहमा प्रमुख अतिथि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रहरी नायब उपरीक्षक पुरुषोत्तम भण्डारीले राज्यका सबै संयन्त्रले एकैपटक सबै विपद् सम्बोधन गर्न नसक्ने अवस्थामा समुदायमै रहेका विपद् स्वयंसेवकको भूमिका महत्वपूर्ण हुने बताए ।

उनले स्थानीयस्तरमा विपद् ब्युरो गठन गरी स्वयंसेवकलाई परिचालन गर्न सुझाव दिदै तालिममा सिकेका सीपलाई नियमित अभ्यास गर्न आग्रह गरे ।

तालिमका संयोजक तथा नेपाल प्रहरीका पूर्व अतिरिक्त प्रहरी महानिरीक्षक ठुले राईले तालिमबाट तयार भएका विपद् स्वयंसेवक गाउँपालिकाका सम्पत्ति भएको बताए । उनले पालिकाले समूह निर्माण गरी आवश्यकता अनुसार स्वयंसेवकलाई परिचालन गर्नुपर्नेमा जोड दिए ।

तालिम अघि सहभागीको विपद्सम्बन्धी ज्ञान औसतमा २९ प्रतिशत रहेकोमा तालिमपछि ७२ प्रतिशत पुगेको उनले जानकारी दिए ।

तालिमका सहभागी जितेन्द्रकुमार साहले विपद्का विभिन्न पक्षबारे महत्त्वपूर्ण ज्ञान र सीप हासिल गर्न पाएको सुनाए । उनले विपद् पूर्वसूचना प्राप्ति तथा प्रवाह, प्रतिकार्य, खोज तथा उद्धार र प्राथमिक उपचारका साथै आगो नियन्त्रण गर्ने व्यावहारिक सीप सिक्न पाउँदा खुसी लागेको बताए ।

अर्का सहभागी पुजा झाले पनि तालिमबाट विपद्को समयमा उद्धार तथा प्रतिकार्यमा खटिन आवश्यक ज्ञान र सीप हासिल भएको बताइन् ।

तिलाठी कोइलाडी गाउँपालिकाका विपद् शाखा प्रमुख राजेश झाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जनचेतना अभियान नेपालका कार्यकारी निर्देशक जुही ठाकुरले, प्रस्पर ग्लोबलका अधिकृत धर्मप्रसाद बजगाई, जनचेतना अभियान नेपालका अध्यक्ष तरुणकुमार साहलगायतले समुदायस्तरमा विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय स्वयंसेवकको सक्रियता आवश्यक रहेको धारणा राखे ।

कोकाकोला फाउन्डेसनको आर्थिक सहयोग, प्रस्पर ग्लोबलसँगको साझेदारी तथा जनचेतना अभियान नेपालको आयोजनामा 'नेपालमा

*बाँकी अन्तिम पृष्ठमा*


## दीपावली मनाउँदा ध्यान दिऔं

- दियो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौं,
- मैनबत्ती, दियो बालिसकेपछि ननिभेसम्म निगरानी गरौं,
- यस्तो समयमा विद्युत सट भई आगो लाग्ने सम्भावना भएकोले सचेत बनौं,
- विद्युतीय प्लगको क्षमता अनुसार मात्र बत्तीको प्रयोग गरौं,
- पटाका तथा अन्य प्रज्वलनशील वस्तुको प्रयोग नगरौं।



**आगजनीबाट बचौं र बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# पूर्वप्रधानमन्त्री नेपालसहित ९७ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

काठमाडौँ, १८ कात्तिक (रासस) ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालसहित ९७ जनाविरुद्ध मंगलबार विशेष अदालत काठमाडौँमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

मोरङ जिल्लास्थित रिजाल क्यानिङ एण्ड कम्पनीको नाममा रहेको हदबन्दी छुटअन्तर्गतको सरकारी सार्वजनिक जग्गा बदनियतपूर्वक सट्टापट्टा तथा बिक्री गर्न छुट दिएर भ्रष्टाचार गरेको आरोपमा आयोगले पूर्वप्रधानमन्त्री नेपाल, तत्कालीन सङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृतिमन्त्री डा मीनेन्द्रप्रसाद रिजालसहित ९७ जनाविरुद्ध आरोपपत्र दायर गरेको हो ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम रु ७३ करोड ४९ लाख ५६ हजार बिगो कायम गरी तत्कालीन प्रधानमन्त्री नेपालसहितका प्रतिवादीसँग उक्त रकम असुल गर्न मागदाबी गरिएको छ ।

तत्कालीन मन्त्री रिजाल, भूमिसुधार तथा व्यवस्था मन्त्रालयका तत्कालीन सचिव छविराज पन्त, सहसचिव रमेशचन्द्र अधिकारी तथा उपसचिवद्वय गान्धीप्रसाद सुवेदी र हुपेन्द्रमणि केसीसहितका प्रतिवादीविरुद्ध पनि जनही रु ७३ करोड ४९ लाख ५६ हजार बिगो कायम गरी मुद्दा दायर गरिएको आयोगले जनाएको छ ।

त्यसैगरी, तत्कालीन भूमिसुधार तथा व्यवस्थामन्त्री डम्बर श्रेष्ठ र तत्कालीन मुख्यसचिव माधवप्रसाद घिमिरेलाई बिगो असुलउपर गर्ने प्रयोजनका लागि मात्र प्रतिवादी बनाइएको प्रवक्ता न्यौपानेले जानकारी दिनुभयो ।

आयोगले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ र अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख लगायत प्रचलित कानुनबमोजिम जग्गा जफत गर्न मागदाबीसमेत लिएको छ । सोही प्रयोजनका लागि पनि केही व्यक्तिलाई प्रतिवादी बनाइएको आयोगले जनाएको छ ।

# नदी नियन्त्रणमा पहिलो त्रैमासको भौतिक प्रगति सार्वजनिक

काठमाडौँ, १८ कात्तिक (रासस) ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले चालु आर्थिक वर्षको पहिलो त्रैमासमा नदी नियन्त्रण तथा जल उत्पन्न विपद् व्यवस्थापनतर्फ ३४ दशमलव नौ प्रतिशत भौतिक प्रगति हासिल भएको विवरण सार्वजनिक गरेको छ ।

नदी तथा जल उत्पन्न विपद् व्यवस्थापन महाशाखाअन्तर्गतका कार्यक्रमका लागि चालु आर्थिक वर्षमा रु पाँच अर्ब २० करोड ९० लाख बजेट विनियोजन गरिएको थियो । पहिलो त्रैमासिक अवधिमा रु ६२ करोड ७४ लाख खर्च गर्ने लक्ष्य रहेकामा रु १४ करोड ७० लाख खर्च भएको छ । यो त्रैमासिक बजेटको २३ दशमलव चार प्रतिशत हो

# सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

**कंकालिनी मन्दिर** : हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

**शम्भुनाथ मन्दिर** : यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

**हनुमान मन्दिर** : हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

**कोशी टप्पु** : कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

**धारापानी क्षेत्र** : चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

**लोहजारा दह** : तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# चाडपर्वले बनायो चलायमान अर्थतन्त्र

**अजयकुमार साह**

धनुषा, १८ कात्तिक (रासस) ।

दसैँ सकिएलगत्तै दीपावली, तिहार र छठ पर्व नजिकिएपछि मधेश प्रदेशसहित मुलुकभरका बजारमा किनमेल गर्ने उपभोक्ताको चहलपहल बढेको छ । चाडपर्व लक्षित व्यापारिक गतिविधि विस्तार भएसँगै दैनिक उपभोग्य वस्तुदेखि लत्ताकपडा, गरगहना, विद्युतीय उपकरण र सवारीसाधनसम्मको कारोबार बढेको छ । यसले सुस्त रहेको बजारलाई चलायमान बनाउनुका साथै होटल, रेस्टुरेन्ट, यातायात र पर्यटन क्षेत्रको आर्थिक गतिविधिमा समेत सकारात्मक प्रभाव पारेको छ ।

मधेस प्रदेशको राजधानी जनकपुरधामसहित देशका प्रमुख सहरका बजारमा चाडपर्वका लागि आवश्यक सामग्री खरिद गर्ने उपभोक्ताको उपस्थिति बाक्लिएको छ । जनकपुरधामका शिवचोक, रामचोक, मुरलीचोक, जानकी चोकलगायतका व्यापारिक क्षेत्रमा बिहानदेखि साँझसम्म किनमेल गर्नेको भीड देखिन थालेको छ । चाडपर्वमा नयाँ लुगा लगाउने, घर सजाउने, मिठाई तथा अन्य परिकार बनाउने र आफन्तलाई उपहार दिने परम्पराका कारण बजारमा विभिन्न वस्तुको माग बढेको व्यवसायी बताउँछन् ।

उपभोक्तालाई आकर्षित गर्न व्यापारीले मूल्यमा छुट, उपहार तथा विशेष प्याकेज सार्वजनिक गरेका छन् । विशेषगरी लत्ताकपडा, जुत्ता, इलेक्ट्रोनिक्स, फर्निचर र घरायसी सामग्रीका पसलमा चाडपर्व लक्षित योजना सञ्चालन भइरहेका छन् । उपभोक्ताले पनि दसैँपछि दीपावली, तिहार र छठका लागि आवश्यक सामग्री खरिद गर्ने भएकाले बजारमा कारोबारको चाप बढेको छ ।

साउन सङ्क्रान्तिपछि तीजबाट सुरु हुने चाडपर्वको आर्थिक गतिविधि दसैँ हुँदै तिहार र छठसम्म जारी रहने गरेको छ । नेपाली समाजमा चाडपर्व केवल धार्मिक तथा सांस्कृतिक महत्त्वमा सीमित नभई पारिवारिक भेटघाट, सामाजिक सम्बन्धको नवीकरण र आर्थिक कारोबार विस्तारको अवसरसमेत बन्ने गरेका छन् । परिवारका सदस्य तथा आफन्त एकै ठाउँमा भेला हुने, मीठोमसिनो खाने, नयाँ लुगा लगाउने र मान्यजनबाट आशीर्वाद लिने परम्पराले उपभोगमा वृद्धि गराउँछ ।

जनकपुरधाममा लामो समयदेखि अर्थशास्त्र अध्यापन गर्दै आउनुभएका सञ्जय साहका अनुसार चाडपर्वका बेला घरपरिवारको खर्च बढ्ने र व्यवसायीले पनि ग्राहक आकर्षित गर्न विभिन्न छुटका योजना ल्याउने भएकाले बजारमा वस्तु तथा सेवाको माग बढ्छ । उहाँले चाडपर्वमा हुने खर्चले उत्पादन, वितरण र बिक्रीको प्रक्रियालाई सक्रिय बनाउने बताउनुभयो । उहाँका अनुसार चाडपर्वमा उपभोक्ताले सामान्य समयको तुलनामा बढी खर्च गर्ने भएकाले व्यापारिक कारोबारमा वृद्धि हुन्छ । यद्यपि, यसको प्रभाव वस्तुको आपूर्ति, उपभोक्ताको क्रयशक्ति र बजारमा उपलब्ध मूल्यमा समेत निर्भर रहने उहाँको भनाइ छ ।

**व्यापारको वार्षिक चक्रमा चाडपर्वको योगदान**

जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुरेन्द्र भण्डारीले चाडपर्वको कारोबारले वर्षभरिको व्यापारिक चक्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने बताउनुभयो । उहाँका अनुसार चाडपर्वमा उपभोक्ताले दैनिक आवश्यकताका वस्तुका साथै लामो समयसम्म प्रयोग हुने टिकाउ सामग्री खरिद गर्ने प्रवृत्ति बढेको छ । फर्निचर, विद्युतीय उपकरण तथा अन्य घरायसी सामग्री खरिद गर्न उपभोक्ताले चाडपर्वमा उपलब्ध हुने छुट र सहुलियतको प्रतीक्षा गर्ने गरेका छन् । यसका कारण चाडपर्वको समयमा यस्ता वस्तुको बिक्री बढ्ने गरेको उहाँले बताउनुभयो ।

चाडपर्वको प्रभाव परम्परागत खुद्रा व्यापारमा मात्र सीमित छैन । इन्टरनेट सेवा प्रदायक, सञ्चार क्षेत्र, होटल, रेस्टुरेन्ट तथा ट्राभल एजेन्सीले समेत ग्राहक आकर्षित गर्न विशेष प्याकेज ल्याउने गरेका छन् । घर जाने तथा आफन्तसँग भेटघाट गर्नेको सङ्ख्या बढ्दा यातायात सेवाको माग बढ्ने गरेको छ भने घुमफिर र पारिवारिक जमघटका कारण होटल तथा रेस्टुरेन्ट व्यवसायले पनि लाभ लिने गरेका छन् ।

नेपाल उद्योग परिसङ्घ मधेश प्रदेशका अध्यक्ष प्रमोद साहले दसैँ, तिहार र छठका बेला आम्दानी तथा खर्च दुवै बढ्ने भएकाले आर्थिक गतिविधिले गति लिने बताउनुभयो । उहाँका अनुसार सरकारी तथा निजी क्षेत्रका कर्मचारीले पाउने तलब, चाडपर्व खर्च र अन्य आम्दानीले बजारमा नगद प्रवाह बढाउँछ । त्यस्तै, सर्वसाधारणले वर्षभरि बचत गरेको रकम चाडपर्वमा खर्च गर्ने भएकाले उपभोग्य वस्तु तथा सेवाको माग विस्तार हुन्छ । चाडपर्वमा हुने खर्चले बजारमा कारोबार बढाए पनि त्यसबाट अर्थतन्त्रमा दीर्घकालीन लाभ लिन उत्पादन, रोजगारी र स्थानीय व्यवसायसँगको सम्बन्ध बलियो बनाउनुपर्ने उहाँको भनाइ छ ।

नेपाल चेम्बर अफ कमर्स मधेस प्रदेशका अध्यक्ष विजयकुमार साहले चाडपर्वको समयमा दैनिक उपभोग्य वस्तुको माग बढ्ने र व्यापारिक गतिविधि विस्तार हुने बताउनुभयो । "दसैँमा सरकारी तथा निजी क्षेत्रमा काम गर्नेले तलबका अतिरिक्त चाडपर्व खर्च पाउँछन् । उनीहरूले गर्ने खर्चले बजारमा किनमेल बढाउँछ," उहाँले भन्नुभयो । चाडपर्वका बेला बजारमा हुने कारोबारले आर्थिक गतिविधिलाई सक्रिय बनाउन सहयोग पुग्ने उहाँको भनाइ छ । उहाँका अनुसार चाडपर्वमा उपभोक्ताको माग बढ्दा व्यापारी, ढुवानी व्यवसायी, श्रमिक र विभिन्न सेवा प्रदायकले समेत काम पाउने अवसर बढ्छ ।

**ग्रामीण बजारदेखि सहरी व्यापारसम्म प्रभाव**

मधेस प्रदेशका आठवटै जिल्लाका बजारमा चाडपर्वको चहलपहल बढेको छ । सहरी क्षेत्रका ठूला व्यापारिक केन्द्रदेखि ग्रामीण बजारसम्म लत्ताकपडा, खाद्यान्न, मिठाई, पूजासामग्री र घरायसी वस्तुको बिक्री बढेको व्यवसायी बताउँछन् । क्षीरेश्वर उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुरेश यादवका अनुसार दसैँअघि र चाडपर्वको मुख्य समयमा हुने कारोबार सामान्य समयको तुलनामा निकै बढी हुन्छ । उहाँले चाडपर्व लक्षित छुट तथा आकर्षक योजनाका कारण पनि बजारमा रौनक बढेको बताउनुभयो ।

उहाँका अनुसार चाडपर्वको समयमा उपभोक्ताको खर्च गर्ने प्रवृत्ति बढ्ने भएकाले व्यवसायीका लागि यो अवधि महत्त्वपूर्ण हुन्छ । वर्षभरि हुने कारोबारमध्ये ठूलो हिस्सा चाडपर्वको समयमा हुने भएकाले व्यवसायीले यस अवधिलाई विशेष महत्त्व दिने गरेका छन् । यद्यपि, बजारमा चहलपहल बढ्दैमा सबै व्यवसायीको नाफा समान रूपमा बढ्छ भन्ने हुँदैन । वस्तुको खरिद मूल्य, ढुवानी खर्च, पसल भाडा, प्रतिस्पर्धा र उपभोक्ताको क्रयशक्तिले व्यवसायको प्रतिफल निर्धारण गर्ने गर्छ । त्यसैले बिक्री बढेसँगै व्यवसायीले लागत व्यवस्थापन र उपभोक्तालाई उचित मूल्यमा वस्तु उपलब्ध गराउनुपर्ने आवश्यकता पनि उत्तिकै महत्त्वपूर्ण छ ।

जनकपुरधाममा दसैँदेखि छठसम्म सञ्चालन हुने सस्ता बजारले उपभोक्तालाई एउटै स्थानमा विभिन्न सामग्री खरिद गर्ने अवसर दिएका छन् । यस्ता बजारमा स्थानीय तथा राष्ट्रिय उत्पादनको बिक्री बढ्दा साना व्यवसायी, घरेलु उद्यमी र स्थानीय उत्पादकले समेत लाभ लिन सक्ने अपेक्षा गरिएको छ ।

**विप्रेषण र चाडपर्व खर्चले बढायो बजारको माग**

चाडपर्वको समयमा बजारमा माग बढ्नुको अर्को महत्वपूर्ण आधार वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण हो । वैदेशिक रोजगारीमा रहेका नेपालीले चाडपर्व मनाउन तथा घरपरिवारको खर्च व्यवस्थापन गर्न रकम पठाउने क्रमले उपभोगमा सहयोग पुऱ्याउँछ । विशेषगरी मधेश प्रदेशका ग्रामीण क्षेत्रमा परिवारका सदस्यले विदेशबाट पठाएको रकमले लत्ताकपडा, खाद्यान्न, घरायसी सामग्री र अन्य आवश्यक वस्तु खरिद गर्न सहयोग गर्ने गरेको छ ।

नेपाल राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्षको पहिलो महिनामा विप्रेषण आप्रवाह दुई खर्ब १५ अर्ब पाँच करोड रुपियाँ पुगेको छ । यो अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा २१.२ प्रतिशतले बढी हो । विप्रेषणको रकम घरपरिवारको दैनिक खर्च, शिक्षा, स्वास्थ्य, आवास तथा अन्य आवश्यकतामा उपयोग हुने भएकाले यसले समग्र उपभोग र बजारको मागमा प्रभाव पार्छ । चाडपर्वका बेला घरपरिवारको खर्च थप बढ्ने हुँदा विप्रेषणबाट प्राप्त रकमको केही हिस्सा बजारमा प्रवाह हुने गर्छ ।

त्यस्तै, विदेशमा रहेका नेपाली चाडपर्व मनाउन स्वदेश फर्किने क्रम बढ्दा हवाई सेवा, सार्वजनिक यातायात, होटल तथा रेस्टुरेन्टमा यात्रुको चाप बढ्ने गर्छ । यसले यातायात र आतिथ्य सेवासँग सम्बन्धित व्यवसायलाई थप कारोबारको अवसर प्रदान गर्छ तर बजारमा हुने सबै खर्च उत्पादनमूलक क्षेत्रमा रूपान्तरण नहुने भएकाले चाडपर्वको आर्थिक प्रभावलाई दिगो बनाउन स्थानीय उत्पादनको उपभोग, रोजगारी सिर्जना र साना उद्यमको प्रवर्द्धन आवश्यक रहेको अर्थशास्त्रीहरूको धारणा छ ।

**उपभोक्ता हित र स्थानीय उत्पादनमा जोड**

चाडपर्वमा माग बढेसँगै बजारमा मूल्यवृद्धि, कृत्रिम अभाव, गुणस्तरहीन वस्तुको बिक्री र म्याद गुज्रिएका सामग्रीको कारोबार हुनसक्ने जोखिम पनि रहन्छ । यस्तो अवस्थामा उपभोक्तालाई उचित मूल्यमा गुणस्तरीय वस्तु उपलब्ध गराउन बजार अनुगमनलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता देखिन्छ । व्यापारीले पनि उपभोक्ताको विश्वास कायम राख्न वस्तुको मूल्य, गुणस्तर र छुटसम्बन्धी विवरण स्पष्ट रूपमा सार्वजनिक गर्नुपर्ने हुन्छ । उपभोक्ताले समेत आवश्यकताअनुसार बजेट बनाएर खर्च गर्ने, मूल्य तुलना गर्ने र खरिद गरिएका वस्तुको बिल लिने अभ्यासलाई प्राथमिकता दिनुपर्छ ।

चाडपर्वमा बढ्ने उपभोगलाई स्थानीय उत्पादनसँग जोड्न सके यसको आर्थिक लाभ गाउँदेखि सहरसम्म विस्तार हुन सक्छ । मधेश प्रदेशमा उत्पादित खाद्यान्न, मिठाई, हस्तकला, घरेलु सामग्री, परम्परागत पोसाक र स्थानीय उद्यमका वस्तुको बिक्री बढाउन सके साना उत्पादक तथा व्यवसायीको आम्दानी वृद्धि गर्न सहयोग पुग्नेछ ।

समग्रमा, दसैँपछि दीपावली, तिहार र छठसम्म जारी रहने चाडपर्वको मौसमले मुलुकको आर्थिक गतिविधिलाई चलायमान बनाउने अवसर दिएको छ । बजारमा बढेको किनमेल, विप्रेषणको प्रवाह, कर्मचारीले पाउने चाडपर्व खर्च र पारिवारिक उपभोगले व्यापारिक कारोबार विस्तार गर्न सहयोग पुऱ्याएका छन् । यस अवधिमा बढ्ने आर्थिक गतिविधिलाई स्थानीय उत्पादन, रोजगारी र उद्यमशीलताको विकाससँग जोड्न सके चाडपर्वको रौनकले तत्कालीन व्यापारिक लाभसँगै अर्थतन्त्रमा दिगो योगदान पुऱ्याउन सक्नेछ ।

# मानव संशाधनको नियुक्ति पूर्वसम्पादन : सन्दर्भ तथा पृष्ठपोषकको परीक्षण

**सुभाष कोइराला**

काठमाडौँ, १८ कात्तिक (रासस)।

मानव संशाधन विशुद्ध कर्मचारीसँग सम्बन्धित विषय भएको र सो कार्य गर्ने मानव संशाधनविभाग रहेकामा कसैको विमति रहँदैन ।नेपालमा विगतमा कर्मचारी प्रशासन भनिने यस विभागको कार्य निकै सङ्कुचित भए तापनि वर्तमान अवस्थामा भने यस विभागको महत्वलाई विशेष रूपमा सम्बन्धित संस्थाको कर्मचारी विनियमावली वा मानव संशाधन वा सरकारीतर्फ ऐनले सम्बोधन गरी नियमानुसार कार्य गर्न सघाउ पुर्याउने गर्दछ। जेसुकै नाम दिइएको भए तापनि संस्थाको प्रकृति, आवश्यकता, क्षमतार कार्यका आधारमा भने लगभग एकैखालको कार्य सम्पन्न हुने गर्दछ।

अध्ययन पश्चात सुरु भएको जागिरे जीवनमा विभिन्न संस्थामा व्यावहारिक ज्ञान लिने अवस्था आइपर्यो । संस्थाअनुसारको प्रयोग, फरक संस्कृति, नियम कानुन र नवीनतम प्रयोग तथा व्यावहारिकताले परिपक्व बनाउँदै आफैँलाई समयानुसार परिस्कृत गर्ने मौका जुर्न गयो। संस्थागत अनुभव बृहत् भए तापनि उठान गरिएको विषय भने अत्यन्त आवश्यक विधामा रहेको तर न्यून प्राथमिकतामा परेको विषय रहेको देखिन्छ।

जुनसुकै पदमा पनि नियुक्ति दिंदा मानव संशाधनको विभिन्न अवयवहरूको चरणबाट गुज्रिनुपर्ने अनिवार्यता रहन्छ । सुरुमा दरखास्त माग गर्नु, स्वीकृत गर्नु, छनोट परीक्षाका विभिन्न चरणहरू आवश्यकताका आधारमा सम्पन्न गर्नु, अन्तर्वार्ता लिनु अनि उम्मेदवार छनोट गरी नियुक्ति दिनु रहेका छन्। नियमित कार्यले मात्र छनोट भएका उम्मेदवारको बारेमा सम्बन्धित सूचना प्राप्त गर्न र सही उम्मेदवारलाई नियुक्ति दिन कठिन हुने भएकाले सूचना प्रविधिको युगमा समयमैसही सूचना लिनु र सुरक्षा प्रविधिका विविध प्रयोगले आफूले छनोट गरेको उम्मेद्वारमार्फत व्यवसाय पनि चुस्त बनाउनु जरुरी हुन्छ। विगतमा सूचना प्रविधि तथा जोखिमको न्यूनीकरण गर्न लगानी समेत नहुने परिपाटीले सूचना र तथ्याङ्कको अस्पष्टपना, दोहोरोपना र सहीसञ्चार नभई सहीरूपमा विश्लेषण गर्न चुनौती रहेको देखिएबाट परिवर्तित हुँदै आजको सूचना प्रणाली र प्रविधि प्रयोग गरीकर्मचारी छनोटमा समेत अब्बल देखाउन र लाभ लिन तथा आवेदकहरूमध्येबाट सही उम्मेदवारको छनोट गर्ने गरिएको पाइन्छ। तर छनोटपश्चात् नियुक्तिपूर्व आवेदकको सन्दर्भ परीक्षण तथा पृष्ठपोषक लिने कार्य भने विभिन्न क्षेत्रमा व्यावहारिक रूपमा प्रयोग नहुनु र प्रयोग भएको संस्थामा समेत अपूर्ण रहनु दुर्भाग्य नै मान्नु पर्दछ।

यो विषय कर्मचारी वा प्रतिनिधिको छनोट भइसकेपछि नियुक्ति दिनु अगाडि निजको वास्तविक रूपमा आर्थिक, सामाजिक, राजनैतिक चालचलन, व्यहोरा, विगतका कुनै अक्षम्य करतुत, कार्यक्षमता, निष्ठा, कर्मचारीप्रतिको धारणा वा आफ्नो संस्थाका अन्य आवश्यकता आदिबारे आवेदकले व्यक्तिगत विवरणमा खुलाएका र निजलाई राम्रोसंग पहिचान गर्ने (आफन्त बाहेक) सान्दर्भिक व्यक्तित्व वा निजले उल्लेख गरेको पूर्ववत् सुपरभाइजर, लाइन मेनेजर वा हाकिमका माध्यमबाट लिखित जानकारी लिने कार्य हो।

**सरकारी निकाय**

सरकारी निकाय तथा मन्त्रिपरिषद्को निर्णयमार्फत नियुक्ति हुने पदहरूमा यस विषयसँग सम्बन्धित कार्य गरेको पाइदैन। सरकारी कार्यालयको लागि लोकसेवामा लिखित र अन्तर्वार्ता उत्तीर्ण गरेपछि सोझै नियुक्ति पत्र दिई पदस्थापना गर्ने प्रचलन छ। देशका भावी सेवकहरूको असल चालचलन हुन आवश्यक रहेबाट लोकसेवामा उत्तीर्ण भई नियुक्तिका पर्खाइमा रहेका उम्मेदवारका लागि सम्बन्धित व्यक्तिले आफ्नो स्थानीय क्षेत्रको प्रहरी कार्यालयबाट असल चालचलन पत्र पेस गर्नुपर्ने आवश्यकता टड्कारो रूपमा देखिन्छ।

यसले विगतमा गरेको गलत चालचलनपछि सरकारी सेवामा प्रवेश गर्ने बाटोलाई सधैंका लागि किनारा लगाउन सहयोग पुग्दछ। यस्तो प्रकृया भारतका केही राज्यमा समेत रहेको पाइन्छ तर मन्त्रिपरिषद्बाट नियुक्त प्रदान गर्ने पद भएमा भने छनोट भइसकेका तर नियुक्ति गर्नुअघि भने उठान भएको विषयलाई उच्च रूपमा पालना गर्नसके उच्च चरित्रका उम्मेदवारले मात्र नियुक्ति पाउने सम्भावना बढी देखिन्छ।

**राजदूत सिफारिस तथा राजनैतिक नियुक्ति**

राजनैतिक वा मन्त्रिपरिषद्मार्फत नियुक्ति हुने केही पद (राजदूत तथा संवैधानिक पद) हरूमा भने संसदीय समितिमार्फत उजुरी लिने, छानबिन गर्ने प्रकृया भएको पाइन्छ। सुनुवाइ पृष्ठपोषकको एक माध्यम हो तर सन्दर्भ र पृष्ठपोषकजस्तै पूर्ण हुन सक्दैन। विभिन्न निकायमा सिफारिस भएकाहरू पनि अस्वीकृत भएका अनेक उदाहरण छन् तर संसदीय सुनुवाइअनुसार उत्तीर्ण नहुने व्यक्तित्वहरूलाई नियुक्ति प्रदान गर्न दबाब दिनु भने गैरमनासिव कार्य हो।

विगतमा आवेदन माग गर्ने, प्रकृया पुर्याउने तर आफन्तलाई पोस्ने गरी सोझै नियुक्ति गर्ने प्रचलनमा केही परिवर्तन भई हाल आवेदन माग्ने, अन्तर्वार्ता वा प्रस्तुतीकरण गर्ने कार्यबाट नियुक्ति दिने गरिएको देखिन्छ। यो प्रकृयामा पनि त्रुटि प्रशस्तै पाइएका छन्। यसका लागि विगतमा वा पछिल्लो कार्य गरेको संस्थाबाट वा आवेदकले उल्लेख गरेका व्यक्तिबाट सन्दर्भ र पृष्ठपोषक लिन आवश्यक रहेको देखिन्छ। साथै, स्थानीय प्रहरीको चालचलन प्रमाणपत्रसमेत पेस गर्न आवश्यक हुन्छ। साथै, आवश्यकताका आधारमा विदेशका निकायबाट समेत प्रमाण सङ्कलन गरी निर्णय गर्ने अभ्यास गरेको अवस्थामा गलत व्यक्तिको नियुक्तिमा तगारो लगाउन सकिन्छस्।

**अन्तर्राष्ट्रिय निकाय तथा सङ्घसंस्थाहरू**

नेपालमा विभिन्न प्रकारका निकाय कार्यरत रहेका छन्। अभ्यास भने आ-आफ्नै रहेको छ। अधिकांश संस्थाको न्यूनतम आवश्यकता सन्दर्भ तथा पृष्ठपोषकबारे लिखित जानकारी माग गरेपश्चात नियुक्ति प्रदान गर्ने रहेको पाइन्छ। यो एक प्रकारको मानव संशाधन परीक्षण गर्दा आवश्यक पर्ने लिखत दस्तावेज हो, जुन बाह्य मानव संशाधन परीक्षण गर्दा सम्परीक्षण गर्ने गरिन्छ। अतः ती निकायहरूमा उठान विषयबारे पूर्ण कार्यान्वयन भएको पाइन्छ।

**बिमा तथा निजी कम्पनीहरू**

नेपालका विभिन्न कम्पनीहरूमा श्रम ऐनले तोकेको मापदण्डअनुसार तयार भएका आफ्नै नियमावली प्रयोगमा रहेका छन् तर कर्मचारीको क्षमता, संस्थाको आवश्यकता, व्यावहारिक कठिनाइ र सीमितताका कारणले सन्दर्भ र पृष्ठपोषकबारे न छलफल हुन्छ न प्रयोग ।मानव संशाधन विभागलाई स्वतन्त्र पूर्वक कार्य गर्ने अख्तियारी कमै प्रदान गरिएको तथा आवश्यकताका आधारमा वा टाउके प्रणाली (हेड हन्टिङ)को सिफारिसमा ल्याइएका व्यक्तिगत विवरणहरूको परिक्षण अन्तर्वार्ताका माध्यमबाट हुने, विज्ञापनबाट आएका आवेदनहरूबाट भएका छनोट गर्ने व्यवस्था, आफन्तलाई भर्ना गर्ने प्रचलन, लक्ष्य प्राप्त गर्ने हुटहुटीले उपयुक्त ठानेका उम्मेदवार फुस्किने कारणले पृष्ठपोषक वा सन्दर्भ परिक्षण गर्न प्रायः असम्भव रहेको देखिन्छ।

**बैक तथा वित्तीय संस्थाहरू**

बैक तथा वित्तीय संस्थाहरूमा भने संस्थाअनुसार केही फरक व्यवस्था रहेको पाइन्छ। स्टाण्डर्ड चार्टर्ड बैंकको हकमा भने विदेशी कम्पनीमार्फत हुने भएको देखिदा लिखितमा नहुने प्रश्नै भएनतर अन्य बैंकहरूमा भने सन्दर्भ र पृष्ठपोषक टेलिफोनमार्फत हुने तर लिखितमा कमै प्रयोग हुने गर्दछ। कुनैले आवश्यकताअनुसार लिखितरुपमै राख्ने समेत गर्दछन्। यस प्रसङ्ग मानव संशाधनको विभिन्न फोरममा समेत उठने भएतापनि संस्थाको नीति, नियम तथा विनियमावलीमा निर्देशन भएअनुसार नै हुने भन्ने जानकारी पाइयो।

विकास बैंकका हकमा भने सिफारिसमा स्वयं घोषणालाई नै सन्दर्भका रूपमा बुझिएको रहेछ तर लिखितमा पृष्ठपोषकका कागजात नराखिने रहेछ। त्यस्तै अन्यका हकमा टेलिफोनमार्फत बुझ्ने कार्य नै विषयवस्तुको पृष्ठपोषक तथा सन्दर्भ परीक्षण रहेको भन्ने बुझाइ देखिन्छ। जे होस् बैक तथा वित्तीय संस्थामा प्रहरी चालचलन तथा स्वास्थ्य प्रतिवेदन नै मुख्य पृष्ठपोषकको रूपमा रहेको देखिन्छ। यसका अलावा लिखित रूपमा व्यक्तिगत विवरणमा उल्लेखित अनुसार सन्दर्भ (रेफरेन्स) परीक्षण तथा पृष्ठपोषक परीक्षण लिने र राख्ने कार्यमा यो क्षेत्र पनि कमजोर नै रहेको देखिन्छ। जुन मानव संशाधनको भर्ना तथा छनोट गर्ने क्रमको मुख्य कार्य रहेको मानिन्छ।

**निष्कर्ष**:

मानव संशाधन बृहत् कार्य गर्ने क्षेत्र हो। यसका विभिन्न अवयवहरूले निरन्तर कार्य गरिरहेका हुन्छन्। कुनै पनि अवयवको न्यून उपयोग हुनु भनेको लिखित कागजात तथा प्रमाणमा आफू कमजोर हुनु हो। अतः आन्तरिक एवं बाह्य परीक्षणमा सुधार गर्न र सहीएवं उच्च चालचलनको मानव स्रोत भित्रयाउन गरिने यो प्रकृयाको अवलम्बन हरेक संस्थाले गर्नु अनिवार्य रहेको छ। अनिमात्र मानव संशाधन पेशागत हुने कार्यमा बल पुग्न जाने देखिन्छ। *(लेखक नेपाल व्यवस्थापन सङ्घको पूर्वकार्यकारी निर्देशक हुनुहुन्छ)*

# राष्ट्र बैंकको टक्सार महाशाखाबाट सुनको असर्फी र चाँदीका मेडालियन बिक्री गरिँदै

काठमाडौँ, १८ कात्तिक (रासस)।

नेपाल राष्ट्र बैंक मुद्रा व्यवस्थापन विभाग टक्सार महाशाखाले तिहारलाई लक्षित गर्दै यही बिहीबार र शुक्रबार सुनको असर्फी तथा चाँदीका मेडालियन (सिक्का) बिक्री गर्ने भएको छ।

राष्ट्र बैंकले बुधबार सार्वजनिक सूचना जारी गरेर यही बिहीबार र शुक्रबार बैंकको टक्सार महाशाखा बबरमहलबाट सुनको असर्फी तथा चाँदीका मेडालियन बिक्री वितरण गर्न लागेको जनाएको हो।

राष्ट्र बैंकले प्रतिव्यक्ति २.५ ग्रामको सुनको असर्फी एक थान तथा १० ग्रामको चाँदीका मेडालियन (लक्ष्मी र गणेश अङ्कित) एक/एक थानका दरले बढीमा दुई थान प्राप्त गर्न सकिने जनाएको छ। सेवाग्रहीले राष्ट्र बैंकको टक्सार शाखाबाट बिहान ११:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म असर्फी र मेडालियन लिन सक्नेछन्।

राष्ट्र बैंकले असर्फी तथा मेडालियन खरिदका लागि नेपाली नागरिकता वा राष्ट्रिय परिचयपत्र वा उक्त कागजातको नम्बर उल्लेख भएको अन्य कुनै प्रमाणपत्रको प्रतिलिपिसहित स्वयं उपस्थित हुनुपर्ने जनाएको छ।

असर्फी तथा मेडालियन खरिदको लागि नगद वा क्यूआरमार्फत भुक्तानी गर्न सकिने सूचनामा उल्लेख गरिएको छ। राष्ट्र बैंकले असर्फी तथा मेडालियनको मूल्य दैनिक रूपमा बिहानको करिब ११:०० बजेपछि निर्धारण हुने भएकाले मूल्य निर्धारणपश्चात् मात्र बिक्री हुने सूचनामार्फत जनाएको छ।

## विश्व समाचार

### ट्रम्पको स्वीकारोक्ति : इरान युद्धलाई चुनावी हारको कारण

वासिङ्टन, १८ कात्तिक (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मध्यावधि निर्वाचनमा रिपब्लिकन पार्टीको पराजयमा इरान युद्धले भूमिका खेलेको स्वीकार गर्दै विपक्षी डेमोक्रेटलाई बधाई दिनुभएको छ। तर उहाँले हारको व्यक्तिगत जिम्मेवारी लिन अस्वीकार गर्दै पार्टीका उम्मेदवारहरूको कमजोरीलाई दोष दिनुभएको छ। फक्स न्युजसँगको अन्तर्वार्तामा ८० वर्षीय ट्रम्पले डेमोक्रेटहरूले राम्रो प्रदर्शन गरेको बताउँदै आफूले यसलाई व्यक्तिगत हारका रूपमा नलिएको उल्लेख गर्नुभयो। उहाँले डेमोक्रेटहरूसँग विभिन्न विषयमा सहकार्य गर्न तयार रहेको बताउनुभए पनि आफूलाई मन नपर्ने विधेयकमा भिटो लगाउने चेतावनी दिनुभयो।

इरान युद्ध र बढ्दो तेलको मूल्य मतदातामाझ अलोकप्रिय बनेको स्वीकार गर्दै उहाँले युद्ध निर्वाचन परिणाम प्रभावित पार्ने एउटा कारण भएको बताउनुभयो। यद्यपि, इरानप्रति आफूले अपनाएको नीतिको महत्त्व मतदाताले बुझेको उहाँको दाबी थियो। ट्रम्पले ट्रुथ सोसलमा आफू उम्मेदवार भएको भए रिपब्लिकनहरूले ठूलो अन्तरले जित्ने दाबी गर्नुभयो। उहाँले टेक्सासका गभर्नर ग्रेग एबटको आलोचना गर्दै उहाँ नाम मात्रका रिपब्लिकन भएकाले पराजित भएको टिप्पणी गर्नुभयो। ह्वाइट हाउसका एक अधिकारीले पनि रिपब्लिकन उम्मेदवारहरूको गुणस्तर निर्वाचन परिणाममा प्रभाव पार्ने महत्त्वपूर्ण पक्ष भएको बताएका छन्। प्रतिनिधिसभा र सिनेट दुवैमा डेमोक्रेटहरूको नियन्त्रण कायम भएपछि ट्रम्पको कार्यकालका अन्तिम दुई वर्ष चुनौतीपूर्ण हुने देखिएको छ। यसबीच ह्वाइट हाउसले इरानविरुद्ध सैन्य कारबाही पुनः विस्तार हुन सक्ने सम्भावनालाई नकारेको छैन। साथै, निर्वाचन परिणामपछि आफ्ना राजनीतिक विरोधीहरूलाई रोक्ने ट्रम्पको सङ्कल्प अझ बलियो हुने सङ्केत पनि दिएको छ।

### दिल्लीमा वायु प्रदूषण डब्ल्यूएचओको सीमाभन्दा ३० गुणा बढी

नयाँदिल्ली, १८ कात्तिक (रासस/एएफपी)।

भारतको राजधानी नयाँदिल्लीमा वायु प्रदूषणको स्तर विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले तोकेको दैनिक सीमाभन्दा ३० गुणाभन्दा बढी पुगेको छ। बुधबार केही क्षेत्रमा पीएम २.५ को मात्रा प्रतिघनमिटर ४६१ माइक्रोग्राम नाघेको वायु गुणस्तर अनुगमन संस्था आइक्युएयरले जनाएको छ। दीपावली नजिकिँदै गर्दा आतसबाजीका कारण प्रदूषण थप बढ्ने आशङ्का गरिएको छ। प्रदूषण नियन्त्रणका लागि अधिकारीहरूले सवारीसाधन सञ्चालन र निर्माण कार्यमा प्रतिबन्ध कडा पारे पनि त्यसको तीन दिनपछि नै प्रदूषण झन् बढेको हो। सर्वोच्च अदालतले दीपावलीमा सीमित मात्रामा हरित पटाका प्रयोग गर्न अनुमति दिएको छ।

भारतको वातावरण मन्त्रालयका अनुसार दिल्लीको जाडोयामको वायु प्रदूषणमा सवारीसाधनको योगदान २३ प्रतिशत, जैविक पदार्थ जलाउने कार्यको २० प्रतिशत र औद्योगिक क्षेत्रको करिब नौ प्रतिशत छ। सबैभन्दा ठूलो हिस्सा अर्थात् २७ प्रतिशत प्रदूषण विभिन्न ग्यासको रासायनिक प्रतिक्रियाबाट बन्ने माध्यमिक कणको रहेको छ। विज्ञ ज्याकोब कोशीका अनुसार दिल्ली आसपासका खेतमा प्रयोग हुने मलबाट निस्कने अमोनियाले पनि माध्यमिक कण निर्माणमा योगदान पुऱ्याउँछ। उहाँका अनुसार अमोनियाले अन्य प्रदूषकसँग प्रतिक्रिया गर्दा वायु प्रदूषण थप जटिल बन्छ। द ल्यान्सेट प्लानेटरी हेल्थ जर्नलमा सन् २०२४ मा प्रकाशित अध्ययनअनुसार सन् २००९ देखि २०१९ सम्म भारतमा वायु प्रदूषणका कारण ३८ लाख मानिसको मृत्यु भएको थियो।

### अफगानी नागरिकको निर्वासन रोक्न अमेरिकी अदालतको आदेश

वासिङ्टन, १८ कात्तिक (रासस/एएफपी)।

अमेरिकी सङ्घीय अदालतले पाकिस्तान हुँदै १५० भन्दा बढी अफगानी नागरिकलाई स्वदेश फर्काउने राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनको योजना रोकेको छ। निर्वासनले पूर्वअमेरिकी सहयोगी र उनीहरूका परिवारको ज्यान जोखिममा पार्न सक्ने भन्दै अधिकारवादी समूहहरूले विरोध गरेपछि अदालतले यस्तो आदेश दिएको हो। न्युयोर्कस्थित जिल्ला अदालतकी न्यायाधीश भ्यालेरी क्याप्रोनीले यस साता कुनै पनि अफगानी नागरिकलाई अफगानिस्तान वा पाकिस्तान पठाउन नपाइने फैसला सुनाउनुभएको छ।

निर्वासनको सूचीमा सन् २०२१ मा तालिबानले सत्ता कब्जा गर्नुअघि अमेरिकी सेनालाई सहयोग गरेका व्यक्तिका आफन्तसमेत रहेको अफगानइभाक संस्थाले जनाएको छ। संस्थाका अध्यक्ष शन भ्यानड्राइभरले पूर्वसैनिक, अधिकारकर्मी, कङ्ग्रेसका ६६ सदस्य र हजारौँ अमेरिकी नागरिकको प्रयासबाट प्रस्तावित उडान रोकिएको बताउनुभएको छ। तालिबानले आममाफी घोषणा गरे पनि संयुक्त राष्ट्रसङ्घले अफगानिस्तानमा हत्या, गैरकानूनी हिरासत र दुर्व्यवहारका घटना अभिलेख गरेको छ। यसैबीच, पाकिस्तानले पनि आफ्नो देशमा रहेका लाखौँ अफगानीलाई फर्काउने नीति अघि बढाएको छ। गत अक्टोबरमा दुई देशबीच भएको घातक सीमा झडपपछि आवागमन लगभग बन्द छ। ट्रम्प प्रशासनले यसअघि अफगानिस्तानसहित विभिन्न देशका नागरिकमाथि यात्रा प्रतिबन्ध लगाउनुका साथै विशेष आप्रवासी भिसा पाएका केही अफगानीको निर्वासन सुरक्षा अन्त्य गर्ने प्रयास गरेको थियो।

# पारदर्शिता र जवाफदेहिताका लागि जनचेतना अभियानको सामाजिक परीक्षण




**दैनिक समाचारदाता**
**राजविराज, १८ कात्तिक ।**

पारदर्शिता, जवाफदेहिता र सुशासनका लागि सामाजिक परीक्षण कार्यक्रम आयोजना गर्दै जनचेतना अभियान नेपालले संस्थाको आयव्यय तथा वार्षिक गतिविधि सार्वजनिक गरेको छ ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकामा बुधबार आयोजित कार्यक्रममा संस्थाका कार्यक्रम संयोजक अभिषेक कर्णले संस्थाको आर्थिक कारोबार र सञ्चालन गरिएका विभिन्न गतिविधि समेटिएको प्रतिवेदन प्रस्तुत गरेका हुन् ।

प्रस्तुत प्रतिवेदनमा संस्थाको कुल आय ४ करोड ९४ लाख ३३ हजार ४४ रुपैयाँ, ४ करोड १४ लाख ३४ हजार ९६ रुपैयाँ खर्च, तथा संस्थाको मौज्दात ७९ लाख ९८ हजार ९ सय ४७ रुपैयाँ रहेको उल्लेख छ ।

कार्यक्रमका प्रमुख अतिथि सप्तकोशी नगरपालिकाका प्रमुख कृष्णप्रसाद सापकोटाले सुशासन र पारदर्शिता कायम भए नभएको विषय सामाजिक परीक्षणबाट स्पष्ट हुने बताए । उनले संस्थाले सञ्चालन गरेका गतिविधि लक्षित लाभग्राहीसम्म पुगेका छन् कि छैनन् भन्ने मूल्याङ्कन गर्ने महत्वपूर्ण आधार सामाजिक परीक्षण भएको स्पष्ट पारे ।

जनचेतना अभियान नेपालले सञ्चालन गरेका गतिविधि सन्तोषजनक रहेको उल्लेख गर्दै सरकारबाट मात्रै सबै काम सम्भव नहुने भएकाले सामाजिक विकासका क्षेत्रमा गैरसरकारी संस्थाहरुले पनि महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा पत्रकार विनय कर्णले संस्थाले गरेका कामकारबाहीबारे समुदायलाई जानकारी गराउने उद्देश्यले सामाजिक परीक्षण गर्नु सराहनीय कार्य भएको बताए । सामाजिक परीक्षणले संस्थालाई थप पारदर्शी र जवाफदेही बनाउन सहयोग पुग्ने उनको भनाइ थियो ।

यसैगरी, तिलाठी कोइलाडी गाउँपालिकाका विपद् व्यवस्थापन शाखा प्रमुख राजेश झा, संस्थाका कानुनी सल्लाहकार सतिश कुमार दत्त, हनुमाननगर कंकालिनी नगरपालिका ८ का वडाध्यक्ष अजय यादव र वडा नं. १३ का वडाध्यक्ष कुशेश्वर यादव लगायतकाले सामाजिक परीक्षणको महत्वबारे धारणा राखेका थिए ।

जनचेतना अभियान नेपालका अध्यक्ष तरुणकुमार साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संस्थाका गतिविधि, आर्थिक पारदर्शिता र सामाजिक उत्तरदायित्वका विषयमा छलफल गरिएको थियो ।

## 'विपद् स्वयंसेवक...

पूर्वानुमानमा आधारित पूर्वकार्यको सुदृढीकरण परियोजना' अन्तर्गत तालिम सञ्चालन गरिएको तालिममा तिलाठी कोइलाडी गाउँपालिकाका सामुदायिक विपद् व्यवस्थापन समितिका २४ जना सदस्य सहभागी थिए ।

तालिमका क्रममा बाढी, पहिरो तथा डुबानमा खोज तथा उद्धार, आगलागी प्रतिकार्य, व्यक्तिगत सुरक्षा र डोरीको प्रयोगलगायतका विषयमा नौ सदस्यीय प्रशिक्षक टोलीले प्रशिक्षण दिएको थियो ।

सहभागीहरूलाई विपद् पूर्वसूचना प्राप्ति तथा प्रवाह, विपद् प्रतिकार्य, खोज तथा उद्धार, प्राथमिक उपचार र आगलागी नियन्त्रणलगायतका विषयमा सैद्धान्तिक तथा व्यावहारिक ज्ञान प्रदान गरिएको जनचेतना अभियान नेपालले जनाएको छ ।

यस्तै कार्यक्रमका अतिथिहरु रास्वपाका तिलाठी कोइलाडी गाउँपालाका सदस्य हरि मुखिया, राजविराज नगरपालिका १५ का वडा सभापति सञ्जीवकुमार यादव तथा कुरमान मन्सुरी लगायतले मन्तव्य व्यक्त गरे ।

राष्ट्रिय स्वतन्त्र पार्टीको आयोजना तथा वडा सभापति पञ्चदेव मंडलको अध्यक्षतामा आयोजित कार्यक्रममा विभिन्न राजनीतिक दल तथा सामाजिक क्षेत्रसँग आबद्ध ३५ जना रास्वपा प्रवेश गरेको आयोजकले जनाएको छ ।

## तिलाठीमा रास्वपाको ...

पहिलोपटक यसपालिको निर्वाचनमा जनताले रास्वपालाई भन्डै दुईतिहाइ मत दिएको उल्लेख गर्दै उनले तीनवटै तहका सरकार रास्वपाको नेतृत्वमा बने विकास र समृद्धिले गति लिने विश्वास व्यक्त गरे ।

# उदयपुर कारागारमा क्षमताभन्दा चार गुणा बढी कैदीबन्दी

उदयपुर, १८ कात्तिक (रासस) ।

उदयपुर कारागारमा क्षमताभन्दा झन्डै चार गुणा बढी कैदीबन्दी राखिँदा उनीहरूको दैनिक जीवन कष्टकर बनेको छ । साठ्ठी जनाको क्षमता रहेको चार दशक पुरानो जीर्ण भवनमा हाल २३२ कैदीबन्दी कोचिएर बस्न बाध्य छन् ।

कारागार प्रशासक बैकुण्ठराज रेग्मीका अनुसार कारागारमा २१८ पुरुष र १४ महिला कैदीबन्दी छन् । क्षमताभन्दा अत्यधिक सङ्ख्यामा कैदीबन्दी राख्नुपर्दा खाने, बस्ने, सुत्ने र शौचालय प्रयोग गर्नसमेत समस्या भइरहेको उहाँले बताउनुभयो ।

साँघुरो ठाउँ, जीर्ण संरचना र वर्षायाममा छानाबाट पानी चुहिने समस्याले कैदीबन्दीको स्वास्थ्यमा समेत असर परेको भन्दै गर्मी र जाडोका समयमा बिरामी पर्ने समस्या बढ्ने गरेको रेग्मीले बताउनुभयो । पूर्वाधार अभावका कारण वृद्ध तथा दीर्घरोगी कैदीबन्दीको स्वास्थ्य सुरक्षा चुनौतीपूर्ण बनेपछि हालै सात जनालाई काठमाडौंस्थित कारागारमा स्थानान्तरण गरिएको उहाँले जानकारी दिनुभयो ।

नयाँ भवन निर्माणका लागि दशकअघि नै विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी योजना स्वीकृत गरिएको थियो । आर्थिक वर्ष २०७१/७२ मा निर्माण योजना स्वीकृत भए पनि भूकम्प र कोभिड महामारीका कारण बजेट उपलब्ध हुन नसकेको प्रशासनको भनाइ छ ।

लामो प्रयासपछि चालु आर्थिक वर्षमा सरकारले नयाँ भवन निर्माणका लागि स्रोत सुनिश्चित गरेको छ । सहरी विकास तथा भवन निर्माण आयोजना कार्यालय सप्तरीमार्फत निर्माण गर्ने तयारी भए पनि ठेक्का प्रक्रिया अघि बढ्न सकेको छैन ।

हालको भवनका गारो भत्किएका छन् भने पर्खालसमेत कमजोर अवस्थामा छन् । पुरानो प्रविधिबाट काठका बटम र पटाहा प्रयोग गरी ढलान गरिएको भवन जुनसुकै बेला भत्किन सक्ने जोखिम रहेको प्रशासनले जनाएको छ । यस्तो अवस्थामा कैदीबन्दीको जीवन सुरक्षाका लागि नयाँ भवन निर्माण तत्काल अघि बढाउनुपर्ने आवश्यकता देखिएको छ ।


## मंगलमय शुभकामना

२०८३ सालको शुभ दिपावली
एवं छठ पर्वको पुनित अवसरमा
सुस्वास्थ्य, दिर्घायु,
शान्ति र
अमनचयनको
कामना गर्दै सम्पूर्ण
शेयर सदस्य,
कर्मचारी, नगरवासी,
जिल्लावासी एवं देशवासीमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

शुभ दीपावली



**सचिन्द्र दास**
**अध्यक्ष, तथा**
**जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.**
**राजविराज ४, सप्तरी, परिवार**

## मंगलमय शुभकामना

२०८३ सालको शुभ दिपावली
एवं छठ पर्वको पुनित अवसरमा
सुस्वास्थ्य, दिर्घायु,
शान्ति र
अमनचयनको
कामना गर्दै सम्पूर्ण
शेयर सदस्य,
कर्मचारी, नगरवासी,
जिल्लावासी एवं देशवासीमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

शुभ दीपावली



**विश्वनाथ मण्डल**
**अध्यक्ष**
**तथा**
**जन ज्योति कृषि सहकारी संस्था लिमिटेड**
**संचालक समिति परिवार**
**राजविराज९, मलेठ, सप्तरी**

## मंगलमय शुभकामना

२०८३ सालको शुभ दिपावली
एवं छठ पर्वको पुनित अवसरमा
सुस्वास्थ्य, दिर्घायु,
शान्ति र
अमनचयनको
कामना गर्दै सम्पूर्ण
शेयर सदस्य,
कर्मचारी, नगरवासी,
जिल्लावासी एवं देशवासीमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

शुभ दीपावली



**शत्रुघन प्रसाद गुप्ता**
**अध्यक्ष, तथा**
**नेपाल सहकारी संस्था लि.**
**राजविराज ३, सप्तरी, परिवार**


**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, ***वेवसाइट*** : *rajbirajdainik.com.np*